आज मिति २०७९ साल आषाढ ०९ गते विहिबारको दिन ............ठिक.........बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिका अध्यक्ष श्री कालेन्द्र प्रसाद सिंह राजवंशी ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा वैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरि निर्णय ....................................................................................................।।। गरियो....................................................................................................

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री कालेन्द्र प्रसाद सिंह राजवंशी | ९८०४९३३७३४ | |
| २. | उपाध्यक्ष | श्री नवराज भट्टराई | ९८०६०६९४६७ | |
| ३. | वडा अध्यक्ष | श्री महाविर लिम्बु | ९८१०२६४००४ | |
| ४. | वडा अध्यक्ष | श्री लेखनाथ खत्री | ९८०२३१५३७३ | |
| ५. | वडा अध्यक्ष | श्री ग्यास आजमल मिया | ९८१८८८४९९३ | |
| ६. | वडा अध्यक्ष | श्री नुरजजमा मिया | ९८१४०८२९९६ | |
| ७. | वडा अध्यक्ष | श्री मो.नुर आलम | ९८०४९२३२१८ | |
| ८. | वडा अध्यक्ष | श्री चिन्तामणी खरेल | ९८०१४५९२०० | |
| ९. | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८१७९५६०९८ | |
| १० | सदस्य | श्री सामवती राजवंशी | ९८१५०२६०७३ | |
| ११ | सदस्य | श्री मनमाया चौहान | ९८१४०४६९५२ | |
| १२ | सदस्य | श्री प्रभा राजवंशी | ९८१५९४२४५६ | |
| १३ | सदस्य | श्री सुनिता दर्जी | ९८१५०९५०७९ | |
| १४ | सदस्य | श्री तेजलाल राजवंशी | ९८१४९७९४१३ | |
| १५ | सदस्य | श्री उमाशंकर गणेश | ९८१७०५३६०४ | |
| १६ | सचिव | श्री कुमार बस्नेत | ९८५२६५५२१० | |

अन्य आमन्त्रित महानुभावहरु

| | | | | |
|---|---|---|---|---|
| १ | प्र.ब. | श्री भुमिप्रसाद निरौला | | |
| २ | का.ए. | बसन्त गणेश | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| | | | | |

**प्रस्तावहरु :**

१.गत बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. नारी संचार गृह विर्तामोडको कार्यक्रम प्रस्ताव तथा बजेट सम्बन्धमा ।

३. आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको प्राप्त पत्र सम्बन्धमा ।

४.कचनकवल ५ फुलवारी किसोरी समुहले सिलाइ कटाई तालिम माग सम्बन्धमा ।

५. कचनकवल ५ बस्ने महादेव माझी समेतकाको बाटो मर्मत माग सम्बन्धमा ।

६. द्रोणचार्य सामुदायिक प्राथमिक विद्यालय कचनकवल २ को दरबन्दी माग सम्बन्धमा ।

७. उत्तरासर माछा उत्पादन सहकारी संस्था लि.को म्याद थप गरी सम्झौता गर्ने सम्बन्धमा ।

८. कचनकवल २ स्थित लक्ष्मी.प्रसाद देवकोटा मा.वि.को भौतिक पक्षको कार्य सम्बन्धमा ।

९. लक्ष्मी टोल विकास संस्थाकचनकवल ६ को रकम निकासा सम्बन्धमा ।

१०.कचनकवल गा.पा. स्वास्थ्य शाखाको अक्सिजन प्लान्ट व्यवस्थापन सम्बन्धमा ।

११. कचनकवल गा.पा. स्वास्थ्य शाखाको औषधी खरिद गर्ने सम्बन्धमा ।

१२.न्यायिक समितिले मेलमिलाप कार्य संचांलन कार्यविधि संशोधन सम्बन्धमा ।

१३. जे.सि.वि. को कार्य तालिका स्विकृत गर्ने सम्बन्धमा ।

१४. कचनकवल गा.पा.को सहकारी ऐन २०७५ पहिलो संशोधन गर्ने सम्बन्धमा ।

१५. १ वर्षका लागि च्याऊ पकेट कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

१६. सव्य नेपाल विर्तामोड ०३ को कार्यक्रम पेश सम्बन्धमा ।

१७. मदन भण्डारी स्मृति प्रतिष्ठान उर्लावारीको प्रस्ताव पेश सम्बन्धमा ।

१८. कचनकवल ६ बस्ने कृष्ण राजवंशी समेतकाको निवेदन सम्बन्धमा ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि म्याचिङ फण्ड राख्ने सम्बन्धमा ।

२०.कचनकवल ६ सृजना कृषि फर्मको योजना सम्झौता सम्बन्धमा ।

२१.रिटर्नी फेडेरेसन नेपालको कार्यक्रममा समावेश गरिदिने सम्बन्धमा ।

२२.विषयगत शाखा कार्य संचालन कार्यविधि स्विकृत सम्बन्धमा ।

२३. विद्युत पोल खरिद सम्बन्धमा ।

२४.सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि स्विकृत सम्बन्धमा ।

२५. योजना सम्झौता गर्ने सम्बन्धमा ।

२६.कचनकवल ६ बस्ने पवनसरी राजवंशी सहितको निवेदन सम्बन्धमा ।

२७.आइस लाइन खरिद सम्बन्धमा ।

२८.मिति २०७९।३।१० गते प्रशासनिक कामकाज बन्द गर्ने सम्बन्धमा ।

कु... ...मेत
प्रमुख प्रश... ...अधिकृत

२९.शसस्त्र प्रहरी बल केचनाको गाडी मर्मत सम्बन्धमा ।

३०. केचना माछा पोखरी ठेक्का लगाउने सम्बन्धमा ।

३१.बजार सरसफाई करको ठेक्का लगाउने सम्बन्धमा ।

३२.ईलाका प्रहरी कार्यालयको गाडी मर्मत सम्बन्धमा ।

३३. पथरिया प्रहरी चौकीको टिन मर्मतको ज्याला रकम भुक्तानी सम्बन्धमा ।

३४. वर्षातका समयमा क्षति पुऱ्याएका बाटाहरु मर्मत गर्ने सम्बन्धमा ।

३५. सि.सि.क्यामेराको रकम भुक्तानी सम्बन्धमा ।

३६. आ.व.२०७९।२०८०को नीति,कार्यक्रम तथा बजेट गाउँ सभामा सिफारिस गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १का सम्बन्धमा छलफल गर्दा कार्यपालिका बैठकको गणपुरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रक्रिया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समिक्षा तथा विश्लेषण गरियो ।

२.प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा नारी संचार गृह बिर्तामोडको कार्यक्रम तथा बजेट माग गरी पेश गरेको प्रस्तावहरु आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको प्राप्त पत्रमा उल्लेखित कार्यक्रमहरु आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४का सम्बन्धमा छलफल गर्दा कचनकवल ५ फुलवारी किसोरी समुहले सिलाइ कटाई तालिम संचालनका लागि माग गरेको हुँदा उक्त मागलाई आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५का सम्बन्धमा छलफल गर्दा कचनकवल ५ बस्ने महादेव माझी समेतकाको बाटो मर्मत सम्बन्धमा सम्बन्धित वडा कार्यालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६का सम्बन्धमा छलफल गर्दा द्रोणचार्य सामुदायिक प्रायमिक विद्यालय कचनकवल २ को दरबन्दी माग गरेको हुँदा त्यस विषयमा गाउँ शिक्षा समितिमा छलफल गरी निर्णय प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

७.प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा यस अघि यस्तै प्रकृतिका अन्य माछापोखरी ठेक्का पट्टामा लगाईएकोमा उक्त पोखरी पनि सोही प्रकृतिवाट ठेक्का लगाउने निर्णय गरियो ।

८.प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल गर्दा कचनकवल २ स्थित लक्ष्मी प्रसाद देवकोटा मा.वि.को भौतिक पक्षको कार्यको स्थलगत रुपमा बुझी तथा अनुगमन गरी प्राविधिकसँगको परामर्श पछि निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

९.प्रस्ताव नं. ९ का सम्बन्धमा छलफल गर्दा लक्ष्मी टोल विकास संस्था कचनकवल ६ ले बाटो तथा कल्भर्ट मर्मतका लागि रकम माग गरेको हुँदा उक्त मागलाई आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० का सम्बन्धमा छलफल गर्दा प्रायमिक स्वास्थ्य केन्द्रमा रहेको अक्सिजन प्लान्टलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्नु पर्ने भएकाले सोको लागि श्रोत सुनिश्चित गरी निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल गर्दा कचनकवल गा.पा. स्वास्थ्य शाखाको औषधी खरिद गर्न खरिद प्रक्रिया पुरा गरि अघि बढाउने निर्णय गरियो ।

कालेन्द्र प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष

१२.प्रस्ताव नं. १२ का सम्बन्धमा छलफल गर्दा न्यायिक समितिले पेश गरेको मेलमिलाप कार्य संचालन कार्यविधिलाई संशोधन गर्ने निर्णय गरियो ।

१३.प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल गर्दा यस गा.पा.मा रहेको जे.सि.वि.संचालनबाट हुने विकास निर्माणका कार्यलाई व्यवस्थित बनाई जे.सि.वि. संचालन गर्ने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल गर्दा कचनकवल गा.पा.को सहकारी ऐन २०७५ लाई पहिलो संशोधनका लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ का सम्वन्धमा छलफल गर्दा यस गाउँपलिकामा संचालन भई रहेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना साना व्यवसायिक पकेट कार्यक्रम अन्तरगत मकै पकेट कार्यक्रमको समय अवधि समाप्त भएकाले उक्त कार्यक्रम निरन्तरताका लागि १ वर्षका लागि च्याऊ पकेट कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ का सम्वन्धमा छलफल गर्दा सव्य नेपाल विर्तामोड ०३ ले पेश गरेको कार्यक्रमलाई आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ का सम्वन्धमा छलफल गर्दा मदन भण्डारी स्मृति प्रतिष्ठान उर्लावारले पेश गरेको कार्यक्रमलाई आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ का सम्वन्धमा छलफल गर्दा वर्षातको समयमा आएको बाढीले कचनकवल ६ वस्ने कृष्ण राजवंशी समेतकाको घरमा पानी पसि क्षति पुर्याएको हुँदा उक्त बाढी रोकथामका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत अघि बढाउने निर्णय गरियो ।

१९.प्रस्ताव नं. १९ का सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमका विच सहकार्यका लागि म्याचिङ फण्ड राख्न आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२०.प्रस्ताव नं. २० का सम्वन्धमा छलफल गर्दा कचनकवल ६ सृजना कृषि फर्मसँग योजना सम्झौता प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

२१.प्रस्ताव नं. २१ का सम्वन्धमा छलफल गर्दा रिटर्नी फेडेरेसन नेपालले पेश गरेको कार्यक्रमलाई आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२२.प्रस्ताव नं. २२ का सम्वन्धमा छलफल गर्दा यस कचनकवल गाउँपालिकाको विषयगत शाखा कार्य संचालन कार्यविधि स्विकृत २०७९ लाई स्विकृत गर्ने निर्णय गरियो ।

२३.प्रस्ताव नं. २३ का सम्वन्धमा छलफल गर्दा साना किसान सामुदायिक विद्युत विस्तार कचलकवल ३ का लागि ठेक्का बदर शिर्षकबाट विनियोजन गरिएको रकम रु.१,५०,०००। ले गा.पा.बाट खरिद गरि उक्त संस्थालाई विद्युत पोल हस्तान्तरण गर्ने निर्णय गरियो ।

२४.प्रस्ताव नं. २४ का सम्वन्धमा छलफल गर्दा यस गा.पा.भरी रहेका सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

२५.प्रस्ताव नं. २५ का सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका भरिका तपसिलका योजनाहरुको सम्झौता गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|

कालेन्द्र प्रसाद सिंह राजबंशी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १. | घेराबारीका विभिन्न बाटो मर्मत उपभोक्ता समिति | १ | ५,००,०००। | |
| २. | ६ नं.वडा भित्र रहेका विभिन्न सडक मर्मत उपभोक्ता समिति | ६ | ५,००,०००। | |
| ३. | ४नं. वडा भित्र रहेका विभिन्न सडक मर्मत उपभोक्ता समिति | ४ | ५,००,०००। | |
| ४. | ५नं. वडा भित्र रहेका विभिन्न सडक मर्मत उपभोक्ता समिति | ५ | ५,००,०००। | |
| ५. | ७ नं. वडा भित्र रहेका विभिन्न सडक मर्मत उपभोक्ता समिति | ७ | ५,००,०००। | |
| ६. | २ नं. वडा भित्र रहेका विभिन्न सडक मर्मत उपभोक्ता समिति | २ | ५,००,०००। | |
| ७. | ३ नं. वडा भित्र रहेका विभिन्न सडक मर्मत उपभोक्ता समिति | ३ | ५,००,०००। | |
| ८. | खयरबारीबाट दक्षिण तर्फ मुल बाटो हुदै नयाँबारी टोल सम्म विद्युत लाईन विस्तार | १ | १,५०,०००। | |
| ९. | शिशु खोला बासेपुल निर्माण | ६ | २५,०००। | |
| १०. | घेराबारी बजार जाने बाटो | १ | ४,००,०००। | |

२६.प्रस्ताव नं. २६ का सम्बन्धमा छलफल गर्दा कचनकवल ६ बस्ने पवनसरी राजवंशी सहितकाले कचनकवल ६ स्थित लक्ष्मी कार्कीको घर दक्षिण प्रा.स्वा.के. बनियानी जाने बाटोमा रहेको खोलामा तटबन्धन सहित कल्भर्ट निर्माण गर्न निवेदन पेश गर्नु भएको हुँदा अनुगमन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२७.प्रस्ताव नं. २७ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाका लागि प्राप्त हुने विभिन्न प्रकारका खोपहरु भण्डारणका लागि अति आवश्यक देखिएकोले विनियोजित बजेटबाट आईस लाइन खरिदका लागि खरिद प्रकिया अघि बढाउने निर्णय गरियो ।

२८.प्रस्ताव नं. २८ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको दोस्रो गाउँ सभाको प्रथम अधिवेशन मिति २०७९।३।१० गते संचालन हुने भएकोले उक्त एक दिन गाउँपालिका तथा वडा कार्यालयहरुको प्रशासनिक कामकाज बन्द गर्ने निर्णय गरियो ।

२९.प्रस्ताव नं. २९ का सम्बन्धमा छलफल गर्दा शसस्त्र प्रहरी बल केचनाको नाममा रहेको बा.१फ.९५४५ नं.को गाडी बिग्रिएकोले मर्मत गर्नु पर्ने भएको हुँदा ..................शिर्षकबाट रु................मर्मत खर्च बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

३०.प्रस्ताव नं. ३० का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको मातहतमा रहेका माछा पोखरीहरु ठेक्का लगाउने सन्दर्भमा विज्ञको राय सुझाव प्राप्त भै सकेको हुँदा उक्त राय सुझाव बमोजिम ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

३१.प्रस्ताव नं. ३१ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको मातहतमा रहेका स्थानीय हाट बजारहलाई सरसफाई बापत तपसिलका बजारहरुलाई तपसिलको न्युनतम अंक कायम गरी ठेक्का पट्टा प्रक्रियाबाट अघि बढाउने निर्णय गरियो ।

३२.प्रस्ताव नं. ३२ का सम्बन्धमा छलफल गर्दा ईलाका प्रहरी कार्यालयको नाममा रहेको ना.१फ ५४८नं.को गाडी बिग्रिएकोले मर्मत गर्नु पर्ने भएको हुँदा सवारी साधन मर्मत शिर्षकबाट रु.१३,४२०।(तेह्र हजार चारसय विस) मात्र मर्मत खर्च बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

३३.प्रस्ताव नं. ३३ का सम्बन्धमा छलफल गर्दा पर्सरिया प्रहरी चौकीको टिन मर्मतको ज्याला रकम रु.१६,०००। (सोह्र हजार) मात्र ठेक्का बदर शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

३४.प्रस्ताव नं. ३४ का सम्बन्धमा छलफल गर्दा वर्षातका समयमा क्षति पुर्याएका बाटाहरु समय मै मर्मत सम्भार नगरे आवत जावतमा समस्या हुने भएकाले मर्मत कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

३५.प्रस्ताव नं. ३५ का सम्बन्धमा छलफल गर्दा स्थानीय तह सदस्य निर्वाचन २०७९को मत गणना स्थलको सुरक्षाका लागि खरिद भई कार्य सम्पन्न भई सकेको सि.सि.क्यामेरा जडान वापतको रकम ग्याँस चुल्हो ठेक्का बदर शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

३६.प्रस्ताव नं. ३६ का सम्बन्धमा छलफल गर्दा कचनकवल गाउँपालिकाको आ.व.२०७९।२०८०को नीति,कार्यक्रम तथा बजेटलाई स्विकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

प्रमुख अतिथि , विशिष्ट अतिथि ज्यू, अतिथि एवं महिला तथा सज्जनवृन्द, गाउँसभाका सदस्यज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी तथा सञ्चारकर्मी ज्यूहरु..................

नेपाली जनताबाट निर्वाचित निकाय संविधान सभाबाट २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान बमोजिम संघीयताको कार्यान्वयनको क्रममा २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनबाट यस सभामा कचनकवल गाउँपालिकाको २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा मलाई हर्षको अनुभुति भएको छ । यस घडिमा लोकतान्त्रीक गणतन्त्रको स्थापनाको लागि विभिन्न कालखण्डमा भएको आन्दोलनमा आफ्नो जीवन बलीदान गर्नु भएका सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताको विरुद्धमा जीवन पर्यन्त संघर्ष गरी दिवंगत हुनु भएका सबै प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक आन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवशाली इतिहासलाई स्मरण गर्दै शहिदहरु प्रति उच्च सम्मान गर्दै नेपालको संविधान २०७२ प्रति अगाध विश्वास र लोकतन्त्र एवं प्रजातान्त्रिक आचरण सामाजिक आर्थिक न्याय तथा लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहदै समुन्नत संघीय शासन प्रणालीको माध्यमबाट न्यायपुर्ण विभेद रहित समतामुलक सबल र समृद्ध कचनकवल गाउँपालिका निर्माण गर्न आपसी संवाद, सहमति र सहकार्य मार्फत राजनीतिक सहकार्यको संस्कृतिको विकास गर्दै कचनकवल गाउँपालिकालाई "दिगो सुशासन पारदर्शी प्रशासन, कृषि, पर्यटन, शिक्षा, स्वस्थ्य र पूर्वाधारको दिगो विकास कचनकवलको अभियान" भन्ने मूल नाराकासाथ नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

कमेन्द्र प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष

CamScanner